## सिद्ध कुमाख गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### ढोरचौर, सल्यान
### कर्णाली प्रदेश, नेपाल

प.स.२०८० I ८१
च.न.

**मिति २०८१/०२/०२ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तावित एजेण्डा :**

१. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सहभागिता सम्बन्धमा ।

२. आर्थिक सहायता सम्बन्धमा ।

३. विविध ।

**प्रस्ताव नं १** स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सहभागिता सम्बन्धमा।

**निर्णय नं १:**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय द्धारा मिति २०८१।०१।१७ मा प्रकाशित आशय पत्र पेश गर्ने सम्बन्धी सुचना अनुसार स्थानीय पूर्बाधार सहयोग कार्यक्रम (LISP) सहभागिताका लागि देहायका निर्णय गरियो ।

- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रकृया अवलम्बन गरि स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने,
- स्थानीय पूर्वाधार विकासका लागि नविनतम र सुधारिएका तरिका, साधन र विधि (modality) अवलम्बन गर्ने,
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सह लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्ने
- खर्चको लेखाजोखा SuTRA र लेखा परिक्षण मार्फत गर्ने ।
- बार्षिक योजना तथा बजेटमा स्थानीय पुर्वाधार कार्यक्रम सँगको सह लगानीको हिस्सा विनियोजन गर्ने (ग्रामिण सडक सुधार / पुनस्थापना सम्बन्धी योजना कम्तिमा २० देखि ४० प्रतिशत, साना सिचाइ खानेपानी तथा सरसफाइ भवन मर्मत सम्बन्धी योजनामा कम्तिमा ४० प्रतिशत, विपद जोखिम न्युनिकरण, जलबायु उत्थानशिल र बैकल्पिक उर्जा योजनामा कम्तिमा २० प्रतिशत )
- पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधी निर्माण र आवश्यकता अनुसार परिमार्जन गर्ने ।
- स्थानीय पुर्वाधार सम्बन्धी विवरण तयार एवं अध्यावद्यिक गर्ने र सोको जानकारीका आधारमा स्थानीय पुर्वाधार मर्मत सम्भारको योजना र बजेट तर्जुमा गर्ने ।

**प्रस्ताव नं २ आर्थिक सहायता सम्वन्धमा।**

**निर्णय नं २:**

सिद्ध कुमाख गाउँपालिका वडा नं ४ सागिने निवासी बर्ष ३१ को केशर रानाले आफ्नै घरमा मिति २०८१।०२।०१ गते राती आफ्नी श्रीमती केशवी रानाको घाँटिमा धारिलो हतियार प्रयोग गरि हत्या गरि आफुले पनि आत्माहत्या गरि मृत्यु भएको सन्दर्भमा निजहरुका नाबालक छोराछोरीहरु अपसरा राना, ओपेन्द्र राना, अजय राना र आकृति रानाको तत्काल लालनपालन तथा स्याहार लगायतको खर्च व्यवस्थापनका लागि रु ५०,२११ (अक्षरिपी पचास हजार दुई सय एघार मात्र ) नजिकको संरक्षक मार्फत आर्थिक सहयोग गर्ने निर्णय गरियो ।